# अर्जुनधारा नगरपालिका
## शनिश्चरे, झापा, प्रदेश नं. १, नेपाल

**आन्तरिक आयको वोलपत्र/शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

प्रथम पटक प्रकाशित मिति :२०७७/०३/०२

स्थानीय ठेक्का व्यवस्थापन कार्यविधी २०७५ अनुसार यस अर्जुनधारा नगरपालिकाको आगामी आ.व. **२०७७।०७८** का लागि आन्तरिक आय संकलन गर्न निम्न शीर्षक अनुसारका आयमा राजश्व परामर्श समितिको सिफारिश तथा नगरपालिकाको निर्णय अनुसार ठेक्का लगाउनु पर्ने भएकोले ठेक्का लिन चाहनुहुने योग्य फर्म/संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयबाट बोलपत्र/शिलबन्दी दरभाउपत्र फारम खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र शिलबन्दी गरी लाहाछाप लगाई पेश गर्नुहुन सम्बन्धित सवैमा यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं | ठे.न | ठेक्काको शीर्षक | आ.व **२०७७/०७८को** लागि प्राप्त न्युनतम अंक भ्याट सहित | बोलपत्र/शिलबन्दी दरभाउपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फारम खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | १ | आईतवारे बजार पशु चौपाय विक्री कर र साप्ताहिक हाट बजार कर (भिटौरी बाहेक) खुदुनावारी | ३९६१४५०।०० | ३०००।०० | २०७७।०३।१६ दिनको ५।०० बजेसम्म | २०७७।०३।१७गते दिनको१२।००बजे सम्म | २०७७।०३।१७ गते २।००बजे पछि |
| २ | २ | बजार ठेक्का (खसी बाखा,शनिश्चरे हाट बजार,कोला बजार,गोसहाट शनिश्चरे) | ९२४०००।०० | १०००।०० | | | |

**शर्तहरु**

१) खरिद भएका बोलपत्र/शिलबन्दी दरभाउपत्र फारम पेश गर्दा यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नम्बर, ठेक्का शीर्षक, बोलपत्र/शिलबन्दी दरभाउपत्र दाताको फर्मको नाम, फर्मको आधिकारीक व्यक्तिको नाम,थर र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई आधिकारिक व्यक्तिले दस्तखत गरी सिलबन्दी लाहा छाप गरी पेश गर्नुपर्नेछ ।

२) कार्यालयबाट वोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा नागरिकताको प्रमाण पत्र, **VAT** दर्ता प्रमाण पत्र र आ.व २०७५/०७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी तोकिएको रकम नगदै ( पछि फिर्ता नहुने गरी ) वुझाई माथि उल्लेखित मिति भित्र, अर्जुनधारा नगरकार्यपालिका कार्यालय तथा अर्जुनधारा नगरपालिकाका वडा नं ३,८ र कार्यालय बाट खरिद तथा नगरकार्यपालिकाको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३) वोलपत्र फाराम अलग अलग ठेक्काको लागि छुट्टाछुट्टै रुपमा खरिद गर्नुपर्नेछ र एउटा फर्मलाई एउटा ठेक्काको लागि एउटा मात्र फाराम खरिद गर्न दिइने छ । जसको नाममा फाराम खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र/शिलबन्दी दरभाउपत्र दाखिला गर्नुपर्नेछ ।

४) वोलपत्र/शिलबन्दी दरभाउपत्र फाराममा उल्लेखित कवोल अंकको स्वदेशी नागरिक भए ५ प्रतिशत तथा विदेशी नागरिक भए १० प्रतिशत जमानत रकम यस कार्यालयको एन आइ सी

पंकज भुर्तेल
प्रमुख प्रशासकीय अधिकृत

एसिया बैंक लि.शनिश्चरे स्थित धरौटी हि.नं.००९२०५०५११२५८०१८ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै रुपमा समावेश गर्नु पर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शीर्षकको धरौटी हो,सो स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

५) वोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । साथै उल्लेखित ठेक्काको दर रेट कार्यालयबाट उपलब्ध गराइने बोलपत्र/दरभाउपत्र साथ सलग्न रहने छ ।

६) ठेक्का कबोल रकम एकमुष्ठ बुझाएमा कबोल अंकको १० (दश) प्रतिशत छुट दिइने छ तर ठेक्का रकम किस्ताबन्दी गरी बुझाउन चाहेमा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकंबाट जारी गरिएको **२०७७** आषाढ मसान्तसम्म अवधी भएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलानपूर्जि दिइने छ ।

७) यससंग सम्बन्धित अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

८) ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ । विस्तृत जानकारीका लागि नगरपालिका वा फोन न. ०२३४६५५०२ सम्पर्क गर्नुहोला ।

पंकज भुर्तेल
प्रमुख प्रशासकीय अधिकृत

पंकज भुर्तेल
प्रमुख प्रशासकीय अधिकृत